# कर्मचारी सञ्चय कोष

## आवश्यकता

यस कोषमा रिक्त रहेका निम्न पदहरु खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिमको योग्यता पुगेका तथा कुनै वात कसुर नलागेका इच्छुक नेपाली नागरिकहरुबाट आवेदन माग गरिएको छ । इच्छुक आवेदकले देहाय बमोजिमको परीक्षा दस्तुर रकम जम्मा गरेको भौचरसाथ आफूले प्राप्त गरेको शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्र तथा अनुभव आदिको प्रमाणित प्रतिलिपिहरु एक/एक प्रति तथा हालै खिचिएको पासपोर्ट साईजको फोटो ३ (तीन) प्रति समेत संलग्न राखी रीतपूर्वकको आवेदन फाराम भरी यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र कोषको मानव संसाधन तथा आन्तरिक व्यवस्थापन विभाग, पुल्चोक, ललितपुर एवं कोषको शाखा कार्यालयहरुमा दाखिला गर्नु हुन सूचित गरिन्छ । साथै, सेवारत कर्मचारीले आफू सेवारत निकाय/संस्थाको विभागीय स्वीकृति पत्र पेश गर्नु पर्नेछ । रीत नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको आवेदन उपर कुनै कारवाही हुने छैन ।

**(क) विज्ञापन नम्बर र पदको विवरण :**

| विज्ञापन नं. | तह | पद | सेवा/समूह | खुला र समावेशी | पदसंख्या | परीक्षा दस्तुर | आवश्यक न्यूनतम योग्यता | परीक्षाको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १४/०७३/७४ | ६ | शाखा अधिकृत | प्रशासन | खुला | २ (दुई) | रु.११२५।- | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको । | लिखित तथा अन्तर्वार्ता | प्रत्येक थप समूहको परीक्षा दस्तुर थप रु.५००।- |
| १५/०७३/७४ | ६ | शाखा अधिकृत | प्रशासन | महिला | १ (एक) | | | | |
| | | | | आदिवासी /जनजाति | १ (एक) | | | | |
| १६/०७३/७४ | ६ | शाखा अधिकृत(कानून) | प्रशासन | खुला | १ (एक) | रु.११२५। | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून विषयमा स्नातक उपाधि प्राप्त गरी कानून वा अन्य कुनै विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको । | लिखित तथा अन्तर्वार्ता | |
| १७/०७३/७४ | ५ | प्रमुख सहायक | प्रशासन | खुला | १३ (तेह्र) | रु.६२५।- | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक उपाधि प्राप्त गरेको । | लिखित, कम्प्युटर शीप परीक्षण तथा अन्तर्वार्ता | प्रत्येक थप समूहको परीक्षा दस्तुर थप रु.३००।- |
| १८/०७३/७४ | ५ | प्रमुख सहायक | प्रशासन | महिला | ३ (तीन) | | | | |
| | | | | आदिवासी/जनजाति | ३ (तीन) | | | | |
| | | | | मधेसी | २ (दुई) | | | | |
| | | | | दलित | १ (एक) | | | | |
| | | | | पिछडिएको क्षेत्र | १ (एक) | | | | |

(ख) स्थायी वा अस्थायी :- स्थायी ।

(ग) उमेरको हद :- मिति २०७४।०५।१५ सम्म २१ वर्ष पूरा भै ३५ वर्ष ननाघेको । तर महिलाको हकमा ४० वर्ष ननाघेको ।

(घ) परीक्षणकाल :- कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त (दशौं संशोधन सहित) नियमावली, २०४८ को नियम २.११ को व्यवस्था अनुरुप हुनेछ ।

(ङ) तलब स्केल र अन्य सुविधा :- कोषको प्रचलित नियमानुसार ।

(च) प्रत्येक सेवा अन्तर्गत खुला र समावेशी प्रतियोगिताका आधारमा लिईने परीक्षाहरु संयुक्त रुपमा एकै पटक एकै सिटिङ्गमा लिईने छ ।

(छ) उम्मेदवारले प्रवेशपत्रमा आफू उम्मदेवार हुने समूहहरुको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनु पर्नेछ अन्यथा परीक्षामा समावेश गराईने छैन ।

(ज) उम्मेदवारले आफूले पेश गर्ने आवश्यक प्रमाणपत्रहरु तोकिएको न्यूनतम योग्यताको एक प्रति मात्र बुझाए पुग्ने छ ।

(झ) दोब्बर दस्तुर तिरी दरखास्त बुझाउने मिति :- मिति २०७४।०५।२२ सम्म । अस्वीकृत भएका दरखास्त फारमहरुको परीक्षा दस्तुर फिर्ता गरिने छैन ।

(ञ) सर्म्पक तथा परीक्षा हुने मिति पछि प्रकाशित गरिनेछ ।

(ट) कोषमा लागू रहेको कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त (दशौं संशोधन सहित) नियमावली, २०४८ को नियम ३.९ बमोजिम प्रतीक्षा सूचीको व्यवस्था रहनेछ ।

(ठ) समकक्षता निर्धारण प्रमाणपत्र : उपर्युक्त पदमा दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । साथै पेश भएका शैक्षिक योग्यताका प्रमाणपत्रहरुको जिम्मेवारी उम्मेदवार स्वयंले लिनुपर्नेछ ।

(ड) कोषको स्थायी सेवामा प्रवेश गरेका कर्मचारीको हकमा आवश्यक न्यूनतम शैक्षिक योग्यता कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त (दशौं संशोधन सहित) नियमावली, २०४८ को नियम ३.११ को उपनियम २ को व्यवस्था अनुरुप हुनेछ ।

(ढ) कार्य गर्नुपर्ने क्षेत्र : शाखा अधिकृत (कानून) वाहेक काठमाडौ उपत्यका बाहिरका शाखा कार्यालयहरु ।

(ण) परीक्षाको दरखास्त फाराम र सम्बन्धित पदको पाठ्यक्रम कोषको Website: **www.epfnepal.com.np** बाट Download गरेर पनि प्राप्त गर्न सकिनेछ ।

(त) उक्त पदहरुको पाठ्यक्रममा उल्लेख भएअनुसारको लिखित परीक्षा एवं कम्प्युटर सीप परीक्षण लोक सेवा आयोगवाट हुनेछ ।

(थ) दरखास्त बुझाउने स्थान : काठमाण्डौ उपत्यकाको हकमा केन्द्रिय कार्यालय पुल्चोक,ललितपुर र कोषको शाखा कार्यालयहरु धनकुटा, विराटनगर, हेटौडा, बुटवल, पोखरा, कोहलपुर, सुर्खेत र धनगढी ।

(द) परीक्षा दस्तुर बुझाउने बैंक : काठमाण्डौ उपत्यकाको हकमा नेपाल इन्भेष्टमेण्ट बैंकमा रहेको खाता नं.००४०१०१०२५४३७३ र शाखा कार्यालयको हकमा शाखाले तोकेको बैंक खाता ।

**समावेशी तर्फका उम्मेदवारहरुले पेश गर्नुपर्ने थप कागजातहरुः-**

समावेशी तर्फ दरखास्त दिने उम्मेदवाहरुले निम्न बमोजिमका कागजातहरु समेत पेश गर्नु पर्नेछ ।

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएका जातिको सूचीको आधारमा दरखास्त स्वीकृत हुनेछ । तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्ने छ ।

(ख) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको सूचीको आधारमा दरखास्त स्वीकृत हुनेछ । तर, राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ग) मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको आधारमा दरखास्त स्वीकृत हुनेछ । तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(घ) पिछडिएको क्षेत्रका हकमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त (दशौं संशोधन सहित) नियमावली, २०४८ को नियम २.८ को उपनियम (११) को स्पष्टीकरण (१) मा उल्लेख भएका (अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला) जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट (दरखास्त फाराम कोषमा बुझाउने दिन भन्दा ३ महिना अगाडिसम्म) हाल सोही स्थानमा स्थायी बसोबास भएको भनि प्रमाणीत गराई दरखास्त साथ पत्र पेश गर्नु पर्नेछ । स्थायी बसोवास भएको जिल्ला वाहेक अन्यत्र जिल्लावाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, कर्मचारी सेवा शर्त (दशौं संशोधन सहित) नियमावली, २०४८ को नियम २.८ को उपनियम (११) को स्पष्टीकरण (१) मा उल्लेख भएका जिल्लामा विवाह गरी वा बसाई सरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाई सराईको हकमा छाडेको र गएको गाउँ विकास समिति/नगरपालिकाको बसाई सराईको कागज दरखास्त साथ पेश गर्नुपर्नेछ ।

सचिव

पदपूर्ति समिति

मिति : २०७४।०४।१८